आज मिति २०८१ साल माघ १४ गतेका दिन यस थाक्रे गाउँपालिकाका अध्यक्ष श्री रामकुमार आचार्य ज्यूको अध्यक्षतामा १६ औ गाउँसभाको बैठक देहायका गाउँसभाका सदस्यहरुको उपस्थितिमा बसी विभिन्न निर्णयहरु गरीयो।

<u>उपस्थिति :</u>

| सि. नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | राम कुमार आचार्य | अध्यक्ष | | |
| २ | यन्त्र बहादुर थापा | उपाध्यक्ष | | |
| ३ | बम बहादुर के.सी. | प्र. प्र. अ. | | |
| ४ | श्याम सुन्दर थापा | वडा अध्यक्ष | | |
| ५ | टीकाराम तामाङ | वडा अध्यक्ष | | |
| ६ | विजय तामाङ | वडा अध्यक्ष | | |
| ७ | आसराम तामाङ | वडा अध्यक्ष | | |
| ८ | सन्त बहादुर तमाङ | वडा अध्यक्ष | | |
| ९ | हिरा बहादुर थापा | वडा अध्यक्ष | | |
| १० | युवराज खतिवडा | वडा अध्यक्ष | | |
| ११ | प्रेम कुमार थापा | वडा अध्यक्ष | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १२ | श्याम चन्द्र आचार्य | वडा अध्यक्ष | [illegible] | |
| १३ | गोकुल प्रसाद लामिछाने | वडा अध्यक्ष | [illegible] | |
| १४ | सुदर्शन पाण्डे | वडा अध्यक्ष | [illegible] | |
| १५ | सावित्री थापा | कार्यपालिका सदस्य | सावित्री | |
| १६ | प्रमिला कुलु | कार्यपालिका सदस्य | [illegible] | |
| १७ | विष्णु माया थापा | कार्यपालिका सदस्य | विष्णुमाया | |
| १८ | राधिका सुनार | कार्यपालिका सदस्य | राधिका | |
| १९ | भुवलाल विश्वकर्मा | कार्यपालिका सदस्य | [illegible] | |
| २० | अमित कुमार घले | कार्यपालिका सदस्य | [illegible] | |
| २१ | राम माया तामाङ | वडा सदस्य | [illegible] | |
| २२ | पार्वती सुनार | वडा सदस्य | पार्वती | |
| २३ | डोल बहादुर तामाङ | वडा सदस्य | | |
| २४ | नविन तामाङ | वडा सदस्य | | |
| २५ | विष्णु कुमारी राई | वडा सदस्य | [illegible] | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २६ | राम माया दमाई | वडा सदस्य | राममाया | |
| २७ | दिपक रिजाल | वडा सदस्य | | |
| २८ | बुद्धिमान तामाङ | वडा सदस्य | | |
| २९ | ठुली तामाङ | वडा सदस्य | | |
| ३० | इश्वरी परियार | वडा सदस्य | | |
| ३१ | आशिक सुनार | वडा सदस्य | | |
| ३२ | नारायण तामाङ | वडा सदस्य | Narayan Tamang | |
| ३३ | चिनु माया मगर | वडा सदस्य | चिनु | |
| ३४ | सुन्तली दर्जी | वडा सदस्य | सुन्तली | |
| ३५ | प्रकाश बस्नेत | वडा सदस्य | प्रकाश | |
| ३६ | सुविन्द्र लोप्चन | वडा सदस्य | | |
| ३७ | सरस्वती तामाङ | वडा सदस्य | | |
| ३८ | चन्द्र माया वि।क। | वडा सदस्य | | |
| ३९ | राज कुमार लामा | वडा सदस्य | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४० | बिमल थापा | वडा सदस्य | | |
| ४१ | शंकर तामाङ | वडा सदस्य | | |
| ४२ | प्रकाश थापा | वडा सदस्य | | |
| ४३ | राधिका विडारी थापा | वडा सदस्य | | |
| ४४ | विष्णु माया सापकोटा | वडा सदस्य | | |
| ४५ | हरी विष्णु सुयल थापा | वडा सदस्य | | |
| ४६ | सोम बहादुर तामाङ | वडा सदस्य | | |
| ४७ | राजकुमार गुरुङ | वडा सदस्य | | |
| ४८ | सुभद्रा पण्डित | वडा सदस्य | | |
| ४९ | भवानी सुनार | वडा सदस्य | | |
| ५० | खिम नाथ कोइराला | वडा सदस्य | | |
| ५१ | प्रकाश भुजेल | वडा सदस्य | | |
| ५२ | देवकी पौडेल | वडा सदस्य | | |
| ५३ | उमा सुनार | वडा सदस्य | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५४ | भरत बहादुर लामा | वडा सदस्य | | |
| ५५ | देवेन्द्र बहादुर थापा मगर | वडा सदस्य | | |
| ५६ | सेति माया तामाङ | वडा सदस्य | | |
| ५७ | तेजमाया रसाइली | वडा सदस्य | | |
| ५८ | शिव बहादुर तामाङ | वडा सदस्य | | |
| ५९ | मधु प्रसाद सुवेदी | वडा सदस्य | | |

Scanned with CamScanner

## थाक्रे गाउँपालिकाको सोह्रौं गाउँसभा कार्यसुची

समय: दिनको ११:०० बजे

अध्यक्षता: रामकुमार आचार्य

| सि.नं. | मिति | समय | कार्यसूची | प्रस्तुतकर्ता | अध्यक्षता |
|---|---|---|---|---|---|
| १ | २०८१-१०-१४ | ११:०० | आ.व. ०८१/०८२ को पुस मसान्त सम्मको बजेट तथा कार्यक्रमको समिक्षा | अध्यक्ष श्री रामकुमार आचार्य | उपाध्यक्ष श्री यन्त्र बहादुर थापा |
| २ | २०८१-१०-१४ | ११:३० | आ. व. २०८१।०८२को न्यायिक समितिको अर्धवार्षिक समिक्षा | उपाध्यक्ष श्री यन्त्र बहादुर थापा | अध्यक्ष श्री रामकुमार आचार्य |
| | | ११:४५ | निर्णयार्थ प्रस्तुत | | |
| ३ | २०८१-१०-१४ | १२:०० | संशोधित आर्थिक विधेयक २०८१ | उपाध्यक्ष श्री यन्त्र बहादुर थापा | अध्यक्ष श्री रामकुमार आचार्य |
| | | १२:१० | निर्णयार्थ प्रस्तुत | | |
| ४ | २०८१-१०-१४ | १२:१५ | कार्यपालिकाबाट थप भएका योजनाहरुको अनुमोदन तथा वडा कार्यालय र गाउँपालिकाबाट थप भएका योजना तथा कार्यक्रमहरुको अनुमोदन | उपाध्यक्ष श्री यन्त्र बहादुर थापा | अध्यक्ष श्री रामकुमार आचार्य |
| | | १२:२० | निर्णयार्थ प्रस्तुत | | |
| ५ | २०८१-१०-१४ | १२:२५ | कार्यपालिका बैठकबाट संशोधन गरिएका योजनाहरुको अनुमोदन | उपाध्यक्ष श्री यन्त्र बहादुर थापा | अध्यक्ष श्री रामकुमार आचार्य |
| | | १२:३५ | निर्णयार्थ प्रस्तुत | | |
| ६ | २०८१-१०-१४ | १२:४० | कार्यपालिका बैठकबाट पारित भएका कार्यविधिहरुको अनुमोदन | उपाध्यक्ष श्री यन्त्र बहादुर थापा | अध्यक्ष श्री रामकुमार आचार्य |
| | | १२:५० | निर्णयार्थ प्रस्तुत | | |
| ७ | २०८१-१०-१४ | १२:५५ | कार्यपालिकाबाट भए गरेका निर्णय र खर्चको अनुमोदन | उपाध्यक्ष श्री यन्त्र बहादुर थापा | अध्यक्ष श्री रामकुमार आचार्य |
| | | १३:०५ | निर्णयार्थ प्रस्तुत | | |
| ९ | २०८१-१०-१४ | १३:१० | विविध प्रस्तावहरु | उपाध्यक्ष श्री यन्त्र बहादुर थापा | अध्यक्ष श्री रामकुमार आचार्य |
| | | १३:२५ | निर्णयार्थ प्रस्तुत | | |

पेश गर्ने
बम बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत
मिति:२०८१/१०/१४

बम बहादुर के. सी.
प्रमुख प्रशासकीय अधिकृत

स्वीकृत गर्ने
रामकुमार आचार्य
अध्यक्ष
मिति:२०८१/१०/१४

रामकुमार आचार्य
अध्यक्ष

**प्रस्ताव नं. १: आर्थिक वर्ष २०८१।०८२को पुस मसान्तसम्मको वजेट तथा कार्यक्रमहरुको समिक्षा सम्बन्धमा ।**

**निर्णय नं. १: यस थाक्रे गाउँपालिका कार्यालय तथा कार्यालय अन्तर्गत रहेका विषयगत शाखा तथा वडा कार्यालयहरुबाट सम्पादन भएका योजना तथा कार्यक्रमहरुको बारेमा गाउँ कार्यपालिकाको कार्यालयबाट पेश गर्नु भएको पुस मसान्त सम्मको वार्षिक प्रगति समिक्षा सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।**

# थाक्रे गाउँपालिकाको १६औ गरिमामय गाउँसभाको प्रगती समिक्षा

संघीय लोकतन्त्रीक गणतन्त्र प्रासिका लागि पटक—पटक गरिएका जनआन्दोलनहरुको जगमा संविधानसभाबाट जारी भएको नेपालको संविधानले निर्दिष्ट गरेको स्थानीय सरकारको हैषियतमा "सम्वृद्ध थाक्रे सुखी थाक्रेवासी" को आकाङ्क्षा पूरा गर्न हाल सम्मका प्रयास तथा थाक्रे गाउँपालिकाको ७ औ आर्थिक वर्ष २०८१।८२ को १५औ गाउँसभाबाट पारित नीति कार्यक्रम तथा वजेट कार्यान्वनको सन्दर्भमा हाल सम्म भएको प्रगती समिक्षा प्रतिवेदन यस गरिमामय १६ औ गाउँसभामा प्रस्तुत गर्न यहाँहरु समक्ष उभिएको छु ।

यस सन्दर्भमा मुलुकलाई यस अवस्था सम्म ल्याई पुऱ्याउन योगदान गर्ने विभिन्न राजनीतिक, सामाजिक, आर्थिक आन्दोलन तथा अभियानहरु प्रति ऐक्यवद्धता एवम् सम्मान व्यक्त गर्न चाहन्छु। यस आन्दोलनको क्रममा सहादत प्राप्त गर्नुहुनेहरु सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाईते तथा अपाङ्गता भएका सहयोद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानीय सरकारको नेतृत्व गर्ने महत्वपूर्ण जिम्मेवारी प्रदान गर्नुहुने आफू सम्वद्ध दल एवं गाउँपालिकाका सम्पूर्ण मतदाताहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दै यहाँहरुले गर्नु भएको आशा, विश्वास र शुभेच्छा प्रति ऋणी रहने छु ।

एकात्मक राज्य व्यवस्थाका दुई निर्वाचन क्षेत्रहरुमा विभाजित केवलपुर, थाक्रे, भुमेस्थान, तसर्पू र गोगनपानी गा.वि.स.का साढे ४ वटा गा.वि.स. हरुलाई संघीय व्यवस्था वमोजिम एउटै पालिकामा समाहित गर्दै नयाँ संघिय शासन व्यवस्था वमोजिम गाउँपालिका सञ्चालन गर्नु निकै चुनौतिपूर्ण वनेको स्थापनाका वर्षहरुलाई यतिवेला अवसरमा बदल्न सकिएकोमा निकै गौरवान्वित भएको छु। गाउँपालिकाको सर्वदलिय वैठकबाट कार्यालयको व्यवस्थाका लागि घर भाडामा लिने निर्णय गरी निर्वाचनको मैदानमा होमीएका हामी निर्वाचनमा विजय हासिल गर्दै पदवहाली गर्दा एक जना कार्यकारी अधिकृत सहित सिमित कर्मचारी लिएर कार्य प्रारम्भ गरेको स्मरण गराउँदै हाल एक वडा एक प्राविधिक(कृषि र पशु) सहित १५४ कर्मचारीहरु व्यवस्थापन गरी कार्य सुचारु भईरहेको अवगत गराउन चाहन्छु। स्थानीय सरकारको आफ्नो कार्य सञ्चालनका क्रममा यसले प्रारम्भबाट नै निर्माण गर्नुपर्ने ऐन, नियमावली, कार्यविधि एवम् मापदण्डहरुको निर्माण गर्दै लागु गर्ने क्रममा आ.व. २०८१/०८२ सम्म आउदा २४ ऐन, ४ नियमावली, ७५ कार्यविधि र ६ निर्देशिकाहरु पारित गरी कार्यान्वयमा रहेको जानकारी गराउन चाहन्छु। यद्धपी वनेका नीति नियमहरुको कार्यान्वयन, आवश्यकता र औचित्यताको आधारमा यिनीहरुको संशोधन र नयाँ विषयहरुमा नयाँ कानुन निर्माण गर्दै जानु पर्ने नियमित कार्यहरुलाई हृदयगमन गर्दै यस तर्फ पनि रचनात्मक सुझाव सहित अक्षरस कार्यान्वयनको लागि सबै सरोकारवाला पक्षहरुसँग हार्दिक अपिल गर्दछु ।

विगत १५ वर्षदेखि जनप्रतिनिधि विहिन वनेको स्थानीय निकाय सँगै दश वर्षे सशस्त्र द्वन्द्धका कारण थिलथिलो वनेका विकासका पूर्वाधारहरु तथा छेदविच्छेद वनेका आर्थिक, सामाजिक, राजनीतिक सम्बन्धहरुको पृष्ठभूमिमा संघिय व्यवस्था वमोजिम स्थानिय सरकारको हैषियतमा गाउँपालिकावासी नागरिकहरुलाई शान्ती, विकास र समृद्धि सहित समावेशी न्यायको मार्गमा लम्काउने अभिभारा पूरा गर्ने स्थानिय सरकारको प्रमुख दायित्व केहि हद सम्म भए पनि पूरा हुन सकेको महशुस गरेको छु र पुरा गर्दै जाने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

Scanned with CamScanner

नागरिकको अत्यावश्यक सेवा र आधारभूत आवश्यकता पूरा गर्दै दिनानुदिनको सारथी बन्नु पर्ने स्थानिय सरकारको सेवा प्रवाहमा सहज पहुँच स्थापित गर्न मुख्य भुमिका खेल्ने गाउँपालिकाको प्रशासनिक भवन जग्गा प्राप्तीको लामो र झण्झटिलो प्रकृया छिचोल्दै निर्माण सम्पन्न गरि कार्यालय सञ्चालन पनि आफ्नै भवनबाट भइ रहेको सम्पूर्ण महानुभावहरुलाई अवगत नै छ। वडा कार्यालयबाट प्रवाह हुने सेवालाई आधुनिकिकरण गर्दै छिटो छरितो र पहुँच योग्य बनाउन सबै वडा कार्यालयहरुलाई सम्बन्धित वडाबाट नै सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छ ।

**अब म यस आर्थिक वर्षमा विषयगत क्षेत्रमा भएका प्रगति विवरण यस सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहान्छु ।**

## शिक्षा तर्फ

यस अवधिमा शिक्षाका क्षेत्रमा उल्लेखिय कार्य प्रारम्भ गरेका छौ। यस गाउँपालिका भित्र सञ्चालित विद्यालयमा अध्ययनरत विद्यार्थीको क्षमता पहिचानका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरि स्थानीय स्तरीय राष्ट्रपति रनिङ शिल्ड सम्पन्न गरेका छौ। माध्यमिक तहमा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण अनुदान ८ वटा कोटा थप गरिएको छ भने विद्यार्थिको नतिजा सुधार गर्न नतिजा विश्लेषण सम्बन्धी २ दिने कार्यक्रम सञ्चालन गरेका छौ। विद्यालयमा हुने फोहोर व्यवस्थाका लागि बेकारबाट आविष्कार सम्बन्धी ३ दिने कार्यक्रम सञ्चालन गरेका छौ। अपाङ्गता पहिचानको लागि विद्यालयका इमिस शिक्षकलाई २ दिने तालिम सञ्चालन गरेका छौ। विद्यार्थीहरुको रचनात्मक क्षमता अभिवृद्धिको उद्देश्य लिई विज्ञान प्रदर्शनी कार्यक्रम सञ्चालन गरिएको छ। शिक्षा तालिम केन्द्रको सहकार्यमा थाक्रे गाउँपालिकाका २२ जना आधारभूत तहका प्र.अ.हरूलाई ५ दिने क्षमता वृद्धि कार्यक्रम सञ्चालन गरियो भने इ बिड मार्फत सेनिटरी प्याड खरिदको कार्य अगाडि बढाइएको छ। यस आ.व.मा मात्र १७ जना करार शिक्षकको परीक्षा सञ्चालन गरि नियुक्ति समेत दिइसकेको छ। आ.व ०८०।८१ को लागि अन्तिम लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गरिएको छ। गाउँपालिकको गौरवको आयोजनाको रुपमा रहेको सिम्ले महाकाली बहुमुखी क्याम्पसलाई जीर्ण अवस्थाबाट उद्धार गर्दै जिल्ला कै उत्कृष्ट क्याम्पसमा रुपान्तरण गर्न शिक्षा र व्यवस्थापन संकायमा समेत निःशुल्क अध्यापन गराउन सफल भएका छौं। प्राविधिक शिक्षालाई जोड दिन संघीय सरकारको सहयोगमा मदन भण्डारी महाविद्यालय निर्माणको कार्य सम्पन्न भएसँगै शैक्षिक कार्यक्रम सञ्चालन गर्न प्रक्रिया अगाडि बढेको कुरा जानकारी गराउदछु ।

## स्वास्थ्य तर्फ

यस आर्थिक बर्षको मंसिर १६ देखि कोभिड खोप अभियान सफलतापुर्वक सम्पन्न गरियो। जुन कार्यक्रममा ६४९ जनाले कोभिड खोप लगाउनु भयो। कानुनी रुपमा देखिएका केहि जटिलता कार्यपालिकाबाट फुकाई क्यान्सर, मृगौला रोग तथा मेरुदण्ड पक्षघात भएका सम्पूर्ण बिरामीहरुलाई ६ महिनाको औषधी उपचार खर्च पठाउने काम अन्तिम चरणमा पुगेको छ। मंसिर २० गते सम्पुर्ण महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको उपस्थितीमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका दिवस मनाई पुरस्कृत गर्ने कार्यक्रम सम्पन्न गरियो, सेवा

Scanned with CamScanner

निवृत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई दोसल्ला ओढाएर प्रमाणपत्र सहित बिदाई गरियो। महादेववेसी स्वास्थ्य चौकीबाट निःशुल्क अक्सिजन वितरण गर्ने गरिएकोमा सिलिण्डर अभाव भई नियमित आपुर्तिमा समस्या हुन गएकोले चालु आ. व. मा बजेट विनियोजन गरि आपुर्तीको लागि टेण्डर मार्फत सिलिण्डर खरिद प्रक्रिया शुरु भएको छ। रेबिज खोप मासिक ४० भाईल कोटा बागमती प्रदेशबाट स्विकृत भएकोमा नियमित आपुर्ती हुन नसकी वेला-बेलामा अभाव सिर्जना हुन गएकाले थाक्रे गा.पा.आफैले खरिद गर्ने गरि खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको छ। जसबाट रेबिज खोपको अभाव अन्त्य हुनेछ। थाक्रे गाउँपालिका भित्र विगतमा जस्तै गर्भवती सुत्केरी महिलाका लागि पालिका भित्र ल्याउने/लाने दोहोरो एम्बुलेन्सको व्यवस्था तथा आवश्यकता अनुसार निःशुल्क रिफरको व्यवस्था र अन्य बिरामी तथा मृत्यु भएका विपन्न मानिसहरुको हकमा वडाको सिफारिसको आधारमा निःशुल्क एम्बुलेन्सको सुविधा दिदै आईरहिएको छ। सम्पर्ण सुत्केरीहरुका लागि पोषण भत्ताको व्यवस्थापन तथा सुत्केरी प्याकेट वितरण निरन्तर चलिरहेको छ। मानसिक समस्या भई औषधी सेवन गरिरहेका बिरामीहरुका लागि बिल अनुसारको रकम भुक्तानी कार्यक्रमा निरन्तर छ, साथै गम्भिर मानसिक समस्या भई औषधी उपचार बाट मात्र निको हुन सम्भव नभएका ९ जनालाई लामो समयसम्म पुनर्स्थापना केन्द्रमा राखी निको बनाएर घर पठाईएको छ। केही व्यक्तिहरु अझै उपचारमा रहिरहेको व्यहोरा जानकारी गराउँदछु ।

बार्षिक कार्यक्रम अन्तर्गत डेंगु रोग विरुद्द वासस्थान नष्ट गर्ने अभियान, स्तनपान सप्ताह मनाउने कार्यक्रम, वार्षिक समिक्षा, टि.बि. समिक्षा, पि.एन.सि. समिक्षा, पोषण समिक्षा, अर्धवार्षिक रुपमा हुने स्वस्थ बालवालिका प्रतिस्पर्धा, महिला स्वास्थ्य स्वयम् सेविकाको अर्धवार्षिक समिक्षा बैठक जस्ता विभिन्न समिक्षा कार्यक्रमहरु सम्पन्न भएक छन्। थाक्रे वासिहरुको आँखामा हुने जटीलताहरु कम गर्न थाक्रे ग्रामिण आँखा केन्द्र स्थापनार्थ २ जना कर्मचारी भर्नाको लागि छनौट भईसकेको छ। भुमेस्थान हे.पो. र केवलपुर हे.पो. मा ल्यावको लागि, त्यसैगरी तसर्पु हे.पो. र भुमेस्थान सामुदायिक स्वास्थ्य ईकाइको लागि अ.न.मी. भर्नाको सुचना प्रकाशित भएको छ। ल्याब सेवाको लागि रसायन खरिद, स्वास्थ्य चौकीहरुका लागि औजार लगायत सामाग्री खरिद तथा आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद कार्य संपन्न भएको छ ।

विपन्न नागरिक उपचार सिफारिस तर्फ हाल सम्म विभिन्न रोगहरु गरि जम्मा ३३ जना निःशुल्क उपचारका लागि सिफारिस हुनुभएको छ। जस मध्ये मुटुरोग १५ जना क्यान्सर ११ जना टाउकाको चोटपटक ३ जना ढाडको चोटपटक २ जना र अन्य २ जना बिरामी रहेका छन्। माथिको ६ महिनाको तथ्याङ्कलाई केलाएर हेर्दा नसर्ने रोगहरुका विषयमा हामीले गम्भिर रुपमा सोच्ने बेला भईसकेको छ ।

## पशु सेवा शाखा तर्फ

आर्थिक वर्ष २०८१/०८२ मा मेडीकल उपचार (सामान्य उपचार तथा औषधी वितरण) तर्फ करिब ३३७६० उपचार भएको छन् । गाइनेकोलोजि तर्फ १७, माइनर सर्जरी तथा बन्ध्याकरण तर्फ २००, गोबर परिक्षण २४३ र कृत्रिम गर्भाधान तर्फ ५३५ वटा गाईभैसीहरुमा कृत्रिम गर्भाधान कार्य गरिएको छ। एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम अन्तर्गत वडा नं. १ देखि वडा नं. ११ सम्मका सम्पुर्ण गाई भैसीहरुमा खोरेत

रोग विरुद्धको ९८५७ डोज र कुकुर तथा अन्य पशुबस्तुमा ३०० डोज रेविज रोग विरुद्धको खोप लगाउने कार्य सम्पन्न भएको छ। थाक्रे गाउँपालिका वडा न. ३ को एउटा गाईले प्राण घातक रेविज रोगको लक्षण देखाई मरेको हुँदा उक्त गाईको ब्रेन नमुना संकलन गरी केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, काठमाडौंमा पठाइएको थियो। थाक्रे गाउँपालिकाले सञ्चालन गरेको एकिकृत घुम्ती शिविरमा ३३३ वटा गोबर परिक्षण र ३०९ जना कृषकहरुलाई औषधि वितरण गरी जम्मा ६४२ जना कृषहरुलाई सेवा प्रदान गरीएको थियो। घाँसमा आधारित पशुपालन अभ्यासलाई प्रोत्साहन गर्न थाक्रे गाउँपालिका भित्रका ३३४ जना कृषकहरुलाई १३८५ के. जि. जै घाँसको बिउ निःशुल्क वितरण कार्य सम्पन्न भएको छ। पि.पि.आर., लम्पी र रेविज रोग विरुद्ध बृहत खोप अभियान सञ्चालन गर्नका लागि खोप तथा अन्य समाग्रीहरु खरिद प्रक्रियामा रहेको छ भने भेटेरिनरी औषधी खरिद गर्नका लागि पनि टेण्डर आहान गरिएको छ। त्यस्तै प्रदेश सरकार शसर्त अनुदान तर्फका कार्यक्रम अन्तरगत वडा नं. १ र वडा नं. ९ मा बाख्रा प्रवर्द्धन कार्यक्रम सचालन भई रहेको छ। पशु सेवा शाखामा कार्यरत पशु चिकित्सक सहितको टोलीबाट प्रत्यक्ष रुपमा ३० पटक भन्दा बढि कृषकको घरदैलोमा गई सेवा प्रदान गर्ने काम निरन्तर भई रहेको छ । पशुपन्छी पालन व्यवसायलाई आधुनिक र फाइदा मुलक व्यवसाय बनाउनका लागि कृषकहरुलाई प्राविधिक सल्लाह सुझाब तथा तालिम समेत प्रदान गर्दै आइ रहेको कुरा जानकारी गराउन चाहान्छु । साथै एक वडा एक नायब पशु स्वास्थ्य प्राविधिकहरुवाट वडा अन्तर्गत कृषकहरुको खोर गोठमा आउने समस्याहरुलाई निरन्तर समाधान गर्ने तथा अन्य उपचारका सेवा प्रदान गर्ने काम भई रहेको छ।

## कृषि विकास शाखा तर्फ

कृषि विकास शाखा अन्तर्गत वडामा कार्यरत कृषि प्राविधिकहरुबाट करिब ३०० जना कृषकहरुलाई प्राविधिक सेवा तथा सल्लाह सुझाब प्रदान गरिएको छ। आ. व. २०८१/०८२ मा कृषि विकास शाखामा विनियोजन भएको प्रदेश शसर्त अनुदान तर्फ तरकारी खेती प्रवर्द्धन (कन्ये च्याउ) थाक्रे १० कार्यक्रम सञ्चालन भइरहेको छ। पालिकामा आएको ३६०० बोरा युरिया र १३०० बोरा डि. ए. पि. मल यस शाखाबाट सिफारिस लिई कृषि सहकारीहरुले वडाहरुमा वितरण गर्ने काम भएको छ।साथै आलु खेति प्रवर्द्धन कर्यक्रम सञ्चालन प्रक्रिया रहेको छ। ३ वटा कृषक समुहहरु दर्ता भएका छन। यस थाक्रे गाउँपालिकामा मलको कारोबार गर्दै आएका १४ वटा सहकारीहरुलाई डिलरसिप नविकरणका लागि सिफारिस गरिएको छ।

## सामी तर्फ

सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा गएका परिवारका सदस्यहरुको लागी गरिएको प्रि सर्भेमा थाक्रे गाउँपालिका वडा न ३ ५ र ११ मा ८२ जनाको डाटा सङ्कलन गरिएको छ। वैदशिक रोजगारीमा रहेका र विप्रेषण प्राप्त गरिरहेकाहरुको वडा नं ३ र ५ मा २१ हसे वित्तीय साक्षरता कक्षा सञ्चालन भैरहेको छ। त्यसैगरी वैदेशिक रोजगारमा जान तयारी गरेका र फर्केर आएकाहरु १९२ जनालाई गहन

Scanned with CamScanner

अभिमुखिकरण गरिएको छ भने माध्यामिक तहमा अध्ययनरत ३९ जना विद्यार्थीहरुलाई ९० मिनेटको वित्तीय साक्षरता कक्षा दिइएको छ। मनोसामाजिक परामर्श तर्फ १५ जनालाई मनोपरामर्श सेवा दिइरहेको छ। साथै सुचना प्रवाह अन्तर्गत रिटर्नीहरुबाट १४७० जनालाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सुचना प्रवाह गरिएको छ। ९ जना ठगी तथा अन्य समस्यामा परेका सेवाग्राहीहरुको समस्या समाधान गरिएको छ। वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका १ जनाको क्षतिपुर्ती दिलाउन समेत सहयोग गरिएको छ ।

## महिला तथा बालबालिका तर्फ

चालु आ. व. को पुस मसान्तसम्म दुइ सय तेइस(२२३) वटा ज्येष्ठ नागरीक परिचयपत्र वितरण गरिएको साथै अपाङ्ग परिचयपत्र जम्मा २४ वटा वितरण गरिएको छ साथै आमाबाबुविहिन ७ जना बालबालिकालाई भत्ता वितरण गरिएको छ।प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० समम विश्वभर मनाइने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत यस थाक्रे गाउँपालिकामा पनि विभिन्न कार्यक्रम गरि उक्त अभियान सम्पन्न गरेका छौ। समुदायमा आधारित पुनर्स्थापना (सिविआर) कार्यक्रमको लागि प्रस्तावना माग गरिएको छ भने गृहणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालनका(ब्युटिसियन, सिलाई र बेसिक कम्प्यूटर सिकाई) लागि निवेदन माग गर्न सुचना प्रकाशन गरिएको छ। यसका लागि वडा स्तरबाट निवेदन सङ्कलन भइरहेको छ। अपाङ्गता सहायता सामग्री वितरणको लागि खरिद कार्य अन्तिम चरणमा पुगेको छ।

## राजश्व तर्फ

गाउँपालिकाको राजश्व तर्फ यस आर्थिक वर्ष २०८१/८२ मा तसर्पु आग्राखोला ग्रामिण सडक मर्मत बापत ठेक्का कबोल अङ्क (मु.अ. कर बाहेक) पचपन्न लाख तेत्तिस हजार नौ सय उनान्सय रुपैया मा सम्झौता भएको र पहिलो किस्ता वापतको रकम रु. बाइस लाख तेह हजार छ सय रुपैया आम्दानी भएको छ।

त्यस्तै, महादेववेशी झोलुङ्गे पुल भुमेस्थान सडक मर्मत बापत ठेक्का कबोल अङ्क (मु.अ. कर बाहेक) अक्षरेपी पचपन्न लाख पचपन्न हजार पाचँ सय उनान्सय मा सम्झौता भएको र पहिलो किस्ता बापतको रकम रु. बाइस लाख वाइस हजार दुइ सय चालिस रुपैया आम्दानी भएको छ ।

कच्ची सडक अन्तर्गत अमानतमा उठेको सोह्र लाख सोह्र हजार दुइ सय तीस रुपैया मात्र आम्दानी भएको छ ।

ठेक्का वापत बैङ्क ग्यारेन्टी जफत गरि चार लाख रुपैया मात्र गाउँपालिकाको खातामा आम्दानी बाँधिएको छ साथै आन्तरिक आय तर्फ माघ १० गते सम्म १ करोड ३६ लाख १६ हजार १ सय रुपैया आम्दानी भएको छ ।

त्यस्तै ढुङ्गा, गिट्टि, वालुवा, रोडा, ग्राभेल, स्लेट, बिछाउने ढुङ्गा भट्टामा प्रयोग हुने माटो क्रसरबाट निस्केको धुलो, इट्टाको विक्रि कर शुल्क निकासी बापत ठेक्का सम्झौता रकम (मु.अ. कर बाहेक) अक्षरेपी छ करोड एक लाख पचास हजार पाच सय पचपन्न रुपैंया मात्रको पहिलो किस्ता बापतको रकम दुइ करोड चालीस लाख साठी हजार दुइ सय वाइस रुपैंया मात्र आम्दानी भएको ।

Scanned with CamScanner

त्यस्तै ढुङ्गा, गिट्टि, वालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुङ्गा भट्टामा प्रयोग हुने माटो क्रसरबाट निस्केको धुलो, इट्टाको बिक्रि कर शुल्क निकासी बापतको अमानतमा कर्मचारीहरुबाट छयालिस लाख दुइ हजार पाचँ सय एकचालिस रुपैया मात्र आम्दानी भएको ।

## आन्तरिक लेखा परिक्षण तर्फ

महालेखा परिक्षकको कार्यालयबाट प्राप्त प्रारम्भिक प्रतिवेदन २०८०/०८१ले औल्याएको बेरुजुहरु (असुल उपर, नियमित गर्नुपर्ने, सैद्धान्तिक, प्रमाण पेश नभएको, पेश्की बाँकी, उपर कारवाही प्रारम्भ गरि लेखा समितिको बैठकमा अन्तिम लेखा परीक्षण प्रतिवेदनको विषयमा दफावार छलफल सुरु गरिएको छ ।

यसै आ. व. मा एकीकृत घुम्ती शिविर मार्फत २ हजार भन्दा बढी नागरिकहरुले आफ्नै घर दैलोवाट प्रत्यक्ष सेवा लिएको र यस कार्यक्रमलाई निरन्तरता दिइनेछ। **अन्तिममा** यस वर्ष स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA)को सूचक अनुसारको विवरण प्रविष्ट कार्य अन्तिम चरणमा रहेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) मा ७८ प्रतिशत अंक प्रविष्ट गरि पृष्ठपोषणको लागि पेश गरिएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादनमा आधारित वित्तिय समानिकरण अनुदानको मूल्याङ्कनको कार्य सम्पन्न गरि राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमा नतिजा पेश गरिएको छ।

यथार्थमा भन्ने हो भने हामी यतिबेला राजनीतिक व्यवस्था परिवर्तनको युगबाट विकास र समृद्धिको युग प्रवेशको महत्वपूर्ण चरणमा अघि बढी रहेका छौं। समग्र थाक्रे गाउँपालिकाको विकासको मार्गचित्र कोर्दै २५ वर्षे गुरुयोजना, आवधिक योजना लगायत विषयगत रणनीति तथा कार्ययोजनाहरुको निर्माण गरी सोको मार्गदर्शनमा दिगो विकास तर्फ उन्मुख हुदै जनअपेक्षा सम्बोधन गर्ने तर्फ केन्द्रित भई कार्य गरिरहेका छौं। चालु आ.व.मा भौतिक पूर्वाधारको विकासमा तिव्रता दिदै बहुवर्षिय योजनाहरुका साथ पालिकाको दिगो समुन्नतीका सम्भावित क्षेत्रहरुको पहिचान गर्दै कृषि, पर्यटन, पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा र समावेशी विकास लगायतका विषयगत क्षेत्रहरुलाई समेत प्राथमिकतामा राखिएकोमा यसले अपेक्षाकृत प्रगती हासील गरिरहेको जानकारी गराउन चाहन्छु। पालिकाको समग्र वडाहरुको समतामूलक र समावेशी विकासमा हाम्रो साझा लक्ष्य केन्द्रित गरेका छौं। यद्पी हाम्रो एकल प्रयासले मात्र यो सम्भव छैन। यसका लागि यहाँहरुले आ—आफ्नो क्षेत्रमा गर्नुभएको रचनात्मक तथा आलोचनात्मक सहयोग नै हाम्रो र समग्र गाउँपालिकाको सफलताको आधार स्तम्भ हुन्। त्यसैले सम्पूर्ण नागरिक एवं सरोकारवालाहरुको सक्रिय सहयोगको निरन्तर अपेक्षा गरेका छौं र गरिररहने छौं ।

Scanned with CamScanner

**अब म थाक्रे गाउँपालिकाको चालु आ.व. ०८१।८२ को वार्षिक बजेट कार्यान्वयनको पुस मसान्त सम्मको प्रगती समिक्षा गरिमामय सभामा प्रस्तुत गर्दछु ।**

यस आ.व. ०८१।८२ मा विनियोजित कुल जम्मा पुजिंगत बजेट ४४ करोड ७५ लाख ६४ हजार मध्ये हाल सम्म खर्च भएको रकम ८ करोड १८ लाख ९६ हजार र खर्च प्रतिशत १८.२९ रहेको छ । हाल पुजिगत तर्फ मौज्दात रकम ३६ करोड ५६ लाख ६७ हजार रहेको छ । त्यसै गरी यस आ.व. ०८१।८२ मा विनियोजित कुल जम्मा चालु बजेट रकम ५७ करोड ४ लाख ५० हजार मध्ये हाल सम्म खर्च भएको रकम १८ करोड ३७ लाख २६ हजार र खर्च प्रतिशत ३२.२ रहेको छ । हाल सम्म चालु खर्च तर्फ मौज्दात ३८ करोड ६७ लाख २४ हजार रहेको छ ।

यस आ.व. २०८१।८२ को मिति २०८१।१०।१० गते सम्ममा यस गाउँपालिकाको वास्तविक आय तर्फ संघीय सरकार समानिकरण अनुदान तर्फ १५ करोड ४१ लाख रहेकोमा हाल सम्म निकासा भएको रकम रु. ७ करोड ७० लाख ५० हजार रहेको छ । त्यसै गरी प्रदेश सरकार समानिकरण अनुदान १ करोड ६ लाख ३ हजार रहेको मा हाल सम्म निकासा भएको रकम ८३ लाख १ हजार रुपैया रहेको छ । त्यसै गरी संघीय सरकार शसर्त अनुदान तर्फ (चालु र पुजिंगत) समेत गरी २२ करोड ९७ लाख रहेकोमा हाल सम्म निकासा भएको रकम ११ करोड ३६ लाख ७९ हजार रुपैया रहेको छ। त्यसै गरी प्रदेश सरकार शसर्त अनुदान तर्फ (चालु र पुजिंगत) गरी २ करोड ७ लाख २ हजार रहेको मा हाल सम्म निकासा भएको रकम रु. १ करोड ३ लाख १ हजार ५ सय रुपैया रहेको छ। त्यसै गरी संघीय सरकार राजश्व बाँडफाडमा १० करोड १९ लाख रहेकोमा हाल सम्म निकासा भएको रकम ३ करोड ३२ लाख १० हजार रहेको छ । त्यसै गरी प्रदेश सरकार राजश्व बाँडफाडमा २ करोड ३६ लाख १४ हजार ३ सय रहेकोमा हाल सम्म निकासा भएको रकम ६२ लाख २९ हजार रहेको छ। त्यसैगरी संघीय सरकार विषेश अनुदानमा २० लाख रहेकोमा हाल सम्म रकम निकासा भएको छैन भने प्रदेश सरकार विशेष अनुदान तर्फ ७० लाख रकम रहेकोमा हाल सम्म ३५ लाख निकासा भएको छ। प्रदेश सरकार समपुरकमा २ करोड रहेकोमा हाल सम्म निकासा भएको रकम १ करोड रहेको छ। त्यसैगरी आन्तरिक श्रोत तर्फ ३२ करोड ७० लाख ६६ हजार रहेकोमा हाल सम्म आम्दानी भएको रकम १ करोड १४ लाख १४ हजार र स्थानीय राजश्व बाँडफाँडमा ९ करोड रहेकोमा हालसम्म निकासा भएको रकम गरी ३ करोड ९० लाख ९६ हजार ६ सय ४६ रुपैयामात्र रहेको छ भने हाल सम्मको वास्तविक आय ३३ करोड ८० लाख ५९ हजार आम्दानी भएको देखिन्छ ।

यस आ.व. २०८१।८२ को संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम तर्फ (चालु र पूँजीगत) गरी २३ करोड १७ लाख र कार्यक्रम/आयोजना संख्या १०७ मध्ये हाल सम्म खर्च भएको रकम ९ करोड ३२ लाख ५५ हजार र खर्च प्रतिशत ४०.२३ रहेको छ। हाल संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम तर्फ (चालु र पूँजीगत) गरी मौज्दात रकम १३ करोड ८५ लाख ३ हजार रहेको छ।

यसै गरी प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम तर्फ (चालु र पूँजीगत) गरी २ करोड ७७ लाख ८९ हजार र कार्यक्रम/आयोजना संख्या १७ मध्ये हाल सम्म खर्च भएको रकम ३७ लाख खर्च प्रतिशत १३.३१

Scanned with CamScanner

रहेको छ।हाल प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ (चालु र पुजिगत) गरी मौज्दात रकम २ करोड ४० लाख ८८ हजार रहेको छ।

यस आ.व. २०८१।०८२ माघ १० गते सम्म गाउँपालिकाको भौतिक पुर्वाधार विकास तर्फको प्रगति हेर्दा कुल बिनियोजित रकम ३४ करोड ४२ लाख २० हजार मध्ये ७ करोड २३ लाख ८३ हजार खर्च भएको र खर्च प्रगती प्रतिशत २१ रहेको छ ।गत आ. व. को भुक्तानी बाँकि तर्फ कुल बिनियोजित रकम ८ करोड ९० लाख ७८ हजार मध्ये ७ करोड २० लाख २० हजार खर्च भएको र खर्च प्रगती प्रतिशत ८० रहेको छ । कुल योजना संख्या ५२४ मध्ये १०५ वटा सम्झौता भईसकेको छ। ठेक्का मार्फत ४ वटा सम्झौता भईसकेको र ३ वटा ठेक्का E- Bid प्रक्रियामा रहेको छ। यस अवधिमा गाउँपालिकाको पुर्वाधार विकास तर्फ मदन भण्डारी महा विद्यालय भवन निर्माण कार्य, रानीझरना रिसर्च सेन्टर भवन सम्पन्न भईसकेको र बृहत आधुनिक सिंचाईको पहिलो चरणको कार्य, धार्के धारेखोला बतासेडाडा आचार्यपोखरी कोल्पु सडक, बृद्धाश्रम र मानव सेवा घर निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

**बोलपत्र मार्फत सञ्चालन भएको योजनाहरुको विवरण देहाय बमोजिम प्रस्तुत गर्दछुः**

१. महादेववेशी कृष्णभञ्याङ सडक - बजेट श्रोत प्रदेश समपुरक अनुदान - विनियोजित रकम २ करोड - सम्झौता रकम १ करोड ३५ लाख ।
२. वडा कार्यालय वितलब सडक वडा नं. १० - बजेट श्रोत गाउँपालिका अनुदान - विनियोजित रकम रु २० लाख - सम्झौता रकम १७ लाख ९६ हजार ।
३. वडा कार्यालय देखि बालुवाखर्क मसिने भुमिचुलि भुमिचुली सडक थाक्रे ३ - बजेट श्रोत प्रदेश समपुरक अनुदान - विनियोजित रकम २ करोड - सम्झौता रकम १ करोड ४७ लाख ।
४. विभिन्न बाटोहरुको स्तरोन्नती - बजेट श्रोत गाउँपालिका अनुदान - विनियोजित रकम ५० लाख - सम्झौता रकम ४३ लाख ।

शिक्षा क्षेत्रको विकासका लागि विद्यालय सुधार, क्षमता विकास गाउँपालिकाको शिक्षा शाखा तर्फको संघीय, प्रदेश र गाउँपालिका समेत गरी विनियोजित कुल बजेट रकम २५ करोड ८५ लाख २८ हजार र कुल कार्यक्रम/ योजना ११३ वटा रहेको र हाल सम्म १० करोड ५६ लाख २९ हजार खर्च भएको र खर्च प्रतिशत ४०.८५ रहेको छ ।

गाउँपालिकाको स्वास्थ्य शाखा तर्फको विनियोजित कुल बजेट रकम ५ करोड ४८ लाख ६२ हजार मध्ये १ करोड ३५ लाख ४८ हजार खर्च भएको र खर्च प्रगती प्रतिशत २४.६९ रहेको छ ।हाल सम्म स्वास्थ्य तर्फ मौज्दात रकम ४ करोड १३ लाख १३ हजार रहेको छ ।

गाउँपालिकाको कृषि विकास शाखा तर्फको निनियोजित कुल वजेट रकम ३ करोड ४९ लाख ९० हजार मध्ये हाल सम्म कुल जम्मा खर्च रकम ३४ लाख ७३ हजार र खर्च प्रगति प्रतिशत ९.९२ रहेको छ ।

Scanned with CamScanner

यसै गरि पशु शाखा तर्फको कुल बिनियोजित रकम १ करोड ६६ लाख ९१ हजार मध्ये हाल सम्म कुल जम्मा खर्च भएको रकम २१ लाख ६८ हजार र खर्च प्रतिशत १२.९९ रहेको छ ।

गाउँपालिका अन्तर्गत सामी परियोजना तर्फ विनियोजित कुल बजेट रकम २४ लाख ६१ हजार मध्ये कुल जम्मा खर्च भएको रकम १० लाख ८४ हजार खर्च प्रगित प्रतिशत ४४ रहेको छ। हाल सम्म सामी परियोजना कार्यक्रम तर्फ मौज्दात रकम १३ लाख ७७ हजार रहेको छ ।

न्यायीक समिति तर्फ उजुरी संख्या कुल २२ रहेको छ भने उजुरी फछ्यौंट १५ वटा, मेलमिलाप भएको उजुरी संख्या ७ र निर्णय भएको ६, दावी फिर्ता २ वटा गरि विचाराधिन विवादहरु २३ वटा रहेको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजना नेपाल सरकार बाट रकम रु २० लाख २४ हजार र IDA (विश्व बैंक) बाट रकम रु २६ लाख गरी कुल रोजगारी सृजना अनुदान रकम रु ४६ लाख ९४ हजार बजेट प्राप्त भयो। प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजना सञ्चालनका लागि आन्तरिक तर्फबाट सामाग्री खरिदका लागि रकम रु २२ लाख प्राप्त भयो।

वैदेशिक रोजगारीको क्रममा अभिभावक गुमाएका ४ जना बालबालिकाहरुलाई वैदेशिक रोजगारी सन्तति छात्रवृतिको लागि लाई सिफारिस गरियो।

आ.व. २०८१/०८२ का ८२० (जसमा ४५२ महिला र ३६८ पुरुष) जना सूचीकृत बेरोजगार व्यक्तिको सुची अनुमोदन गरियो।

हाल सम्म ६ वटा वडाबाट १० वटा आयोजनाहरु छनोट भइ आएको छ।

**अब म यस आ.व. ०८१।८२ मा वडागत योजनाहरुको प्रगति समिक्षा यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।**

वडा नं. १मा रहेको २८ वटा योजना मध्ये यस आ.व.को पुस मसान्तसम्म ५ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

वडा नं. २मा रहेको २९ वटा योजना मध्ये यस आ.व.को पुस मसान्तसम्म ५ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

वडा नं. ३मा रहेको २० वटा योजना मध्ये यस आ.व.को पुस मसान्तसम्म ९ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

Scanned with CamScanner

वडा नं. ४मा रहेको ३६ वटा योजना मध्ये यस आ. व. को पुस मसान्तसम्म ७ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

वडा नं. ५मा रहेको २५ वटा योजना मध्ये यस आ. व. को पुस मसान्तसम्म ४ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

वडा नं. ६मा रहेको ३४ वटा योजना मध्ये यस आ. व. को पुस मसान्तसम्म ३ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

वडा नं. ७मा रहेको ३४ वटा योजना मध्ये यस आ. व. को पुस मसान्तसम्म ९ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

वडा नं. ८मा रहेको ३३ वटा योजना मध्ये यस आ. व. को पुस मसान्तसम्म ३ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

वडा नं. ९मा रहेको १३ वटा योजना मध्ये यस आ. व. को पुस मसान्तसम्म ३ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

वडा नं. १०मा रहेको ५१ वटा योजना मध्ये यस आ. व. को पुस मसान्तसम्म ३ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

वडा नं. ११मा रहेको ३० वटा योजना मध्ये यस आ. व. को पुस मसान्तसम्म ५ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।

साथै गाउँपालिकामा रहेका १९१ वटा योजना मध्ये यस आ. व. को पुस मसान्तसम्म ४४ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ। यसरी हेर्दा यस आ. व. २०८१।८२ मा कुल योजना ५२४ मध्ये १०५ वटा योजना सम्झौता भएको देखिन्छ भने यो कुल योजनाको २० प्रतिशत हुन आउँछ।

अन्त्यमा, यो प्रगती समिक्षा तयार गरी सहयोग गर्नुहुने कार्यपालिकाका सदस्य ज्यूहरु, विषयगत शाखाका सम्पूर्ण शाखा प्रमुख एवं कर्मचारी परिवार, आयोजना कार्यान्वयनमा योगदान गर्ने, उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायी कम्पनीहरु, विकास साझेदार संघ, संस्था, सहकारी एवं समुहहरु, संचार जगत लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

रामकुमार आचार्य
अध्यक्ष
थाक्रे गाउँपालिका, धादिङ

Scanned with CamScanner

**प्रस्ताव नं. २: थाक्रे गाउँपालिकाको न्यायिक समितिको अर्धवार्षिक समिक्षा सम्बन्धमा ।**

निर्णय नं. २: यस थाक्रे गाउँपालिका कार्यालयबाट न्यायिक समितिले आर्थिक वर्ष २०८१।०८२मा हालसम्म भए गरेका काम कारवाहीहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

# श्री थाक्रे गाउँपालिकाको न्यायिक समितिको
# अर्ध बार्षिक समिक्षा प्रतिवेदन

*आ.व. २०८१/०८२*

## १. परिचयः

नेपालको संविधानको धारा २१७ ले न्यायलाई सर्वसुलभ बनाउनको लागी प्रत्येक स्थानीय तहलाई कानून बमोजिम आफ्नो अधिकार क्षेत्रका विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ । उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ ( १,२)मा भएको व्यवस्था अनुसार न्याय निरुपणको लागि यस ऐनले न्यायिक समितिको काम, कर्तव्य र अधिकार तथा विवाद निरुपणको कार्यविधि समेतको व्यवस्था गरेको छ । संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम स्थानीय न्यायिक समितिले सर्वसाधारणको, दैनिक जीवनसँग सरोकार हुने ४७ (१)का विवादहरु निर्णयको माध्यमबाट र ४७ (२) बमोजिमका विवादहरु मेलमिलापको माध्यमबाट समाधान गर्नुपर्ने हुन्छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले विवाद समाधान गर्दा न्यायिक समितिले अवलम्बन गर्नुपर्ने केही आधारभूत कार्यविधि तय गरेको छ । सो ऐनबाट निर्धारण गरिएका कार्यविधि बाहेकका न्याय निरुपण सम्बन्धी अन्य कार्यविधि सोही ऐनको दफा ४९ को उपदफा (१२) ले सम्बन्धित स्थानीय तहले कानून बनाई निर्धारण गर्ने



Scanned with CamScanner

गरी अधिकार प्रदान गरेको छ। उक्त प्रावधान बमोजिम थाक्रे गाउँपालिकाले न्यायिक समिति सम्बन्धी (कार्यविधि) ऐन २०७४, विवाद निरुपण ऐन, २०७७ र मेलमिलाप केन्द्र व्यवस्थापन कार्यविधि, २०७८ बनाई कार्यान्वयन गर्दै आईरहेको छ ८ वटा वडाहरुमा मेलमिलाप केन्द्र स्थापना भइ सकेको छ भने ३ वटा वडामा स्थापना हुने क्रममा रहेका छन्। यस बर्ष मेलमिलाप सम्बन्धी आधारभूत तालिम सञ्चालन गरी २१ जना मेलमिलापकर्ताहरु तयार गरि न्यायिक समितिमा दर्ता भएका विवादहरु मेलमिलापबाट समाधान गर्न ४७ जना मेलमिलापकर्ताहरु सुचिकृत रहेका छन्। थाक्रे गाउँपालिकाको न्यायिक समितिमा भए गरेका कार्यहरुको विवरण गाउँसभामा पेश गर्दै आई रहेको छ।

## २. न्यायिक समितिको उद्देश्यः

- न्यायिक समितिमा आएका विवादहरुलाई समानताको सिद्धान्तमा आधारित भई निष्पक्षता, स्वतन्त्रता र तटस्थता रहेर क्षेत्राधिकार भित्र रहि विवादको निरुपण तथा मेलमिलाप छिटो छरितो र नियमित रुपमा गर्ने,
- न्यायिक समितिमा आएका विवादहरुलाई अभिलेखिकरण गर्ने,
- कार्यविधिगत प्रक्रियाहरुलाई सरल र स्पष्ट पार्दै छिटो छरितो र कम खर्चिलो न्याय प्रदान गर्ने,
- मासिक, अर्धबार्षिक तथा बार्षिक न्यायिक प्रतिवेदनहरु प्रकासित गर्ने,

## ३. प्रतिवेदनको अवधी

२०८१ साउन देखि २०८१ पुस मसान्तसम्म



Scanned with CamScanner

## ४. न्यायिक समितिका पदाधिकारीहरु:

यन्त्र बहादुर थापा: संयोजक

राज कुमार गुरुङ: सदस्य

सेतीमाया तामाङ: सदस्य

## ५. न्यायिक समितिको बैठक संख्या: १७ दिन

## ६. न्यायिक समितिमा परेका उजुरी र फछ्र्योट:

आ.ब. २०७९/०८० र आ.ब. २०८०/०८१ बाट न्यायिक समिति समक्ष दर्ता भई जिम्मेवारी सरेर आएको १६ वटा विवादमा ७ वटा फैसला गरी बाँकी ०९ वटा विवादहरु विचाराधिन रहेका छन् । चालु आ .ब. ०८१/०८२ को २२ वटा विवादहरु दर्ता भएकोमा यस न्यायिक समितिको इजलासले ०३ वटा निवेदन उपर मेलमिलाप, ०४ वटा फैसला र १ वटा दावी फिर्ता भई हाल १४ वटा विवादहरु विचाराधिन रहेका छन् । चालु आ.ब. मा स्थानीय तहमा हुने विवादको निरुपणको लागी न्यायिक समितिमा निवेदन दर्ता भएको लैङ्गिक आधारले हेर्दा २२ जनामा ०६ जना (२७.२७ प्रतिशत) महिलाहरुले न्यायको लागि निवेदन दर्ता गरेका छन् । यसले स्थानीय निकायमा भएको विवादहरुको निरुपण गर्नको लागि न्यायिक समितिको विश्वासनियता बढेको देखिन्छ । न्यायिक समितिमा दर्ता भएका विवादहरुको किसिम र फछ्र्योटको अवस्था यस प्रकार रहेको छ ।



Scanned with CamScanner

**चालु आ.ब. ०८१/०८२ मा यस न्यायिक समितिबाट फछ्र्योट भएका विवादहरु**

क) न्यायिक समितिबाट मेलमिलाप भएका विवादहरु :- ७ थान

ख) न्यायिक समितिबाट फैसला मार्फत फछ्र्योट भएका विवादहरु :- ६ थान

ग) दावी फिर्ता भएका विवादहरु :- २ थान

घ) हाल विचाराधिन विवादहरु :- २३ थान

**यन्त्र बहादुर थापा**
**संयोजक**
**न्यायिक समिति**



Scanned with CamScanner

प्रस्ताव नं. ३: संशोधित आर्थिक ऐन २०८१ पारित सम्बन्धमा ।

निर्णय नं ३: यस थाक्रे गाउँपालिकाको १५औं गाउँ सभा मिति २०८१।०३।१० गते पारित भएको आर्थिक ऐन २०८१ लाई कार्यपालिकाबाट संशोधन गरि अनुमोदनका लागि सभामा पेश भएको हुँदा संशोधित आर्थिक ऐन २०८१लाई सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

## संशोधित आर्थिक ऐन २०८१

प्रस्तावनाः थाक्रे गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थाक्रे गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

अनुसूची - ४
(दफा ५ को उपदफा (३) संग सम्बन्धित)
व्यवसाय करको दर

| क्र.स | व्यवसाय | दर |
|---|---|---|
| १ | रंगरोगन सम्वन्धी व्यवसाय | २००० |
| २ | किराना पसल | १००० |
| ३ | तास, सेकुवा हुक्का व्यवसाय | ३००० |
| ४ | डेरी व्यवसाय | २००० |

- नोटः यस थाक्रे गाउँपालिकामा दर्ता भएका व्यवसायहरुको लामो समय देखि खानी जन्य व्यवसाय बाहेक अन्य व्यवसायको हकमा नविकरण नभएका व्यवसायहरुलाई एक पटकको लागि सम्पुर्ण जरिवाना छुट दिई फागुन मसान्त सम्म गर्ने गरी गाउँ सभामा निर्णयका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ४: थाक्रे गाउँपालिकाको लागि आवश्यक कार्यविधि, निर्देशिका सम्बन्धमा ।**

**निर्णय नं. ४:** यस थाक्रे गाउँपालिकाको आ. व. २०८१।०८२मा विभिन्न मितिमा भएका कार्यपालिका बैठकबाट स्वीकृत भएका तपसिल बमोजिमका निर्देशिका, कार्यविधिहरु गाउँ सभाबाट अनुमोदन गरि सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

| क्र.स. | कार्यविधि | पारित मिति |
|---|---|---|
| १. | दलित विद्यार्थी छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०८१ | २०८१।०२।०३ |
| २. | थाक्रे गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ | २०८१।०२।०९ |
| ३ | थाक्रे गाउँपालिकाको फोहोरमैला संकलन सम्बन्धी कार्यविधि, २०८१ | २०८१/०६/१७ |
| ४ | थाक्रे गाउँपालिकाको लेखा समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ | २०८१/०६/१७ |
| ५ | थाक्रे गाउँपालिका सार्वजनिक सुनुवाइ कार्यविधि, २०८१ | २०८१/०६/१७ |
| ६ | विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०८१ | २०८१/०६/१७ |
| ७ | थाक्रे गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | २०८१/०६/१७ |
| ८ | वाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | २०८१/०९/०३ |
| ९ | तरकारी प्रवर्द्धन (कन्ये च्याउ) कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | २०८१/०९/०३ |
| १० | विषयगत समिति (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८१ | २०८१/१०/१२ |
| ११ | सुत्केरी सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, | २०८१/१०/१२ |
| १२ | वालकल्व/वाल सञ्जाल गठन एवं परिचालन सम्बन्धी निर्देशिका, २०८१ | २०८१/०९/२५ |

Scanned with CamScanner

**प्रस्ताव नं. ५: बजेट तथा कार्यक्रम रकमान्तर सम्बन्धमा ।**

निर्णय नं. ५: थाक्रे गाउँपालिकाको १५औं गाउँ सभामा मिति २०८१।०३।१० गते पारित भएको बजेट तथा कार्यक्रमहरुको गाउँ कार्यपालिकाबाट संशोधन भएका योजनाहरुको अनुमोदन तथा गाउँपालिका, वडा कार्यालयहरु र विषयगत शाखाबाट संशोधनको लागि पेश भएको योजना तथा कार्यक्रमहरुलाई सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner